# नेपाल गजेट

## भाग २


नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६] काठमाडौं श्रावण ८ गते २०१३ साल [ संख्या १२


### कानूनमन्त्रालय

पत्रसंख्या ५५० | मिति २०१३।४।७।१

श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाहले बनाइबक्सेको तल लेखिएको ऐन सर्वसाधारणको जानकारिको निमित्त प्रकाशित गरिएको छ ।

### २०१३ सालको ऐन नं. ३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावलीविराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट बहुज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कमाण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 926

विकाश योजना र विकाश कार्यहरूलाई शीघ्र र सुचारुरूपले कार्यान्वित गर्ने उचित व्यवस्था गर्नुपर्ने आवश्यक देखिएकोले श्री ५ महाराजाधिराजबाट मन्त्रि-मण्डलका सल्लाहअनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ

१ संक्षिप्त नाम, विस्तार र प्रारम्भः—

(१) यस ऐनको नाम 'विकाश समिति ऐन, २०१६' रहेको छ ।

(२) यो ऐन नेपाल राज्यभर तुरुन्त लागू हुनेछ ।

२ परिभाषाः—

विषय वा प्रसंगले अर्कै अर्थ नलागेमा यस ऐनमा—

(क) 'समिति' भन्नाले दफा ३ अन्तर्गत गठन गरिएको समिति संझनुपर्छ ।

(ख) विदेशी एजेन्सी भन्नाले कुनै विदेशी राष्ट्र, अन्तर्राष्ट्रिय वा विदेशी संस्था समेत लिइनेछ ।

(ग) 'सूचित आदेश' भन्नाले नेपाल गजेटमा प्रकाशित आदेश संझनुपर्छ ।

३. समिति गठन गर्ने सरकारको अधिकारः—

(१) सरकारले उचित वा आवश्यक ठहरा मा सूचित आदेशद्वारा सोही आदेशमा तोकिएबमोजिमको कुनै विकाश योजना वा विकाश कार्यलाई कार्यान्वित गर्ने समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा [१] अन्तर्गतको प्रत्येक सूचित आदेशद्वारा समितिका काम कर्तव्यहरू तोकिनेछन् र तत्सम्बन्धी अरू विषयहरूको पनि व्यवस्था हुन सक्दछ ।

(३) समितिमा सरकारले नियुक्त गरेबमोजिमका व्यक्तिहरू रहनेछन् ।

४. समितिहरूलाई संस्था मान्ने:—

दफा ३ अन्तर्गत गठन भएको प्रत्येक समिति अविछिन्न उत्तराधिकारवाला संस्था (कर्पोरेट बडी) हुनेछ र त्यस समितिको जिम्माको सबै कामका निमित्त एउटै छाप हुनेछ र व्यक्तिसरह चल अचल सम्पत्ति लेनदेन गर्ने तथा राख्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस समितिलाई अधिकार हुनेछ। सो समितिले व्यक्तिसरह नालेस गर्न र निजउपर पनि व्यक्तिसरह नालेस उजुर लाग्न सक्नेछ।

५. समितिको कोषः—

[१] दफा ३ अन्तर्गत गठन गरिएको समितिको कोषमा देहायका कुरा सम्मिलित हुनेछ । —

(क) सरकार वा अरु कुनै गैर सरकारी व्यक्तिले प्रदान गरेको रुपैयाँ र,

(ख) कुनै विदेशी एजेन्सीले सरकारद्वारा दिएको कोष।

[२] समिति गठन गर्नको निमित्त निकालिएको आदेशमा तोकिएका कामका कार्यक्रमहरु कार्यान्वित गर्नको निमित्त समितिको रुपैयाँ र कोष उपयोग गरिनेछ ।

(३) कार्यक्रम र कार्यविधि सरकारले तोकी दिनेछ। सरकारले तोकी दिएको नियमानुसार समितिले काम गर्ने र हिसाब किताप राख्नेछ र सो हिसाब किताप तथा काम कारवाई सरकारले तोकेको व्यक्तिले जाँच निरीक्षण गर्नेछ

६. समितिका कर्मचारीहरुः—

(१) समितिको कामहरु सुचारु रुपले चलाउनको निमित्त आवश्यकतानुसार समितिले कर्मचारीहरु नियुक्त गर्न सक्नेछ। तर नेपाल अन्तरीम शासन विधान अन्तर्गत गठित पब्लिक सर्भिस कमिशनबाट स्वीकृत भएका सिद्धान्तहरु र तरिकाअनुसार बाहेक अरु कुनै तरिकाबाट कुनै व्यक्तिलाई नियुक्त गर्न हुँदैन ।

(२) नेपाल सरकार वा अरु कुनै विदेशी एजेन्सीका स्थायी अफिसरहरुको सेवा केही समयको लागि स्वीकार गर्नु समितिको निमित्त कानूनी हुनेछ र समितिको काम काज गर्दा त्यस्ता अफिसरहरु समितिको प्रशासकीय नियन्त्रणमा रहनेछन् । तर त्यसरी लिएका कारणबाट तिनको साबिकको नोकरीको शर्तहरुमा कुनै असर पर्नेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. आदेश नियम जारी गर्ने सरकारको अधिकारः—

समितिको काम कारवाईको विषयमा सरकारले समय समयमा नियम वा आदेश जारी गर्न सक्नेछ र त्यस्ता नियम वा आदेशहरू पालन गर्नु त्यस समितिको कर्तव्य हुनेछ।

८, समितिको विघटनः—

(१) समितिले कार्यान्वित गर्न लागेको कुनै विकाश योजना वा विकाश कार्य सरकारले नै बढी मात्रामा सुचारु रूपले कार्यान्वित गर्न सक्तछ भन्ने वा त्यसको काम पूरा भैसकेको छ भन्ने सरकारलाई लागेमा सरकारले सुचित आदेशद्वारा समितिलाई विघटन गर्न सक्नेछ।

(२) समिति विघटन भएको खंडमा—

(क) समितिको सबै हक जायजात र ऋण सरकारको हुनेछ।

(ख) समितिसँग लिएका सबै ठेकाहरू सरकारसँग लिइएका मानिनेछन्।

(ग) दफा ६ को उपदफा (२) अन्तर्गत समितिमा काम खटिएका सरकारी कर्मचारी र समितिका अरु कर्मचारीहरु पनि सरकारी कर्मचारी हुनेछन्।

९, लागू नहुने कानुनहरूः—

शंका निवारणको लागि स्पष्ट गरिन्छ कि मुलुकी सवाल वा मुलुकी ऐनको रकम बन्दोबस्त वा कागज जाँचको वा बही बुझ्नेको महलहरू समिति को काम काजमा लागू हुनेछैन।

इति संवत् २०१३ साल ज्येष्ठ गते रोज शुभम् — —

सदर मिति २०१३।४।४।५ मा।

आज्ञाले—
नयनबहादुर खत्री,
का. मु. सेक्रेटरी–कानुनमंत्रालय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।